# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**(कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा)**

प.सं. : २०७६/०७७ (प्र.शा.)
च.नं. : ४४०५

धनगढी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल।

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

मिति :-२०७७/०३/१२

श्री शाखा/ महाशाखाहरु (सबै)
श्री वडा कार्यालयहरु (१-१९)
धनगढी उप-महानगरपालिकाको कार्यालय,
धनगढी, कैलाली।

विषय:- नेपालको संशोधित निशान छाप प्रयोग संबन्धमा।

उल्लिखित संबन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/०३/११, च.नं. ११४३ को प्राप्त पत्रानुसार नेपालको निशान छाप प्रयोग हुने सम्पूर्ण लिखित, पत्राचार, सूचना, वेबसाइट तथा कामकारबाहीमा सो नेपालको संसोधित निशान छाप प्रयोग गर्न गराउनहुन जानकारी गराइन्छ। साथै प्राप्त पत्रहरुको छाया प्रति यसै पत्र साथ सलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

..............................
(नारायण प्रसाद शर्मा)
अधिकृत छैठौं
**अधिकृत छैठौं**

बोधार्थ :-
आदरणिय नगर प्रमुख ज्यूको सचिवालय
धनगढी उप-महानगरपालिका :- जानकारीका लागी।
आदरणिय नगर उप- प्रमुख ज्यूको सचिवालय
धनगढी उप-महानगरपालिका :- जानकारीका लागी।
श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
धनगढी उप-महानगरपालिका :- जानकारीका लागी।

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७६/०७७

चलानी नं: ९४८३

मिति २०७७/०३/११

**विषय : परिपत्र सम्बन्धमा ।**

श्री विभाग/आयोजना/प्रतिष्ठान/समिति/निकाय सबै

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै

श्री स्थानीय तह सबै

नेपाल सरकार गृह मन्त्रालयको मिति २०७७/०३/०५ च.नं. ९५० को नेपालको संशोधित निशान छाप प्रयोग सम्बन्धी पत्रको छायाँप्रति यसै साथ संलग्न छ । पत्रमा उल्लेखित व्यहोरा अवगत गरी आवश्यक कार्यान्वयन गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

अग्नि प्रसाद अधिकारी

उपसचिव

**बोधार्थ:-**

श्री सूचना तथा प्रविधि शाखा : वेभसाइटमा अपलोड गर्नुहुन ।

धनगढी उप-महानगरपालिका

दर्ता नं. १२३५८

मिति : ०३/११

दस्तखत :

नेपाल सरकार
गृह मन्त्रालय

नेपाल सरकार

# गृह मन्त्रालय

कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा

दर्ता नं.: ११२०९
मिति: २०७७।३।६

पत्र संख्याः ०७६।७७
चलानी नं. ९५०

सिंहदरबार,
काठमाडौं, नेपाल

मितिः २०७७/०३/०५

श्री राष्ट्रपतिको कार्यालय, महाराजगंज
श्री उप- राष्ट्रपतिको कार्यालय, कान्तिपथ
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार
श्री रक्षा मन्त्रालय, सिंहदरबार
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहदरबार
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिहदरबार
श्री ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, सिहदरबार
श्री कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिहदरबार
श्री स्वास्थ्य तथा जनसंख्या, रामशाहपथ, काठमाडौं
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिहदरबार
श्री श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार
श्री अर्थ मन्त्रालय, सिंहदरबार
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार
श्री खानेपानी तथा सरसफाई मन्त्रालय, सिंहदरबार
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार
श्री सहरी विकास मन्त्रालय, सिंहदरबार
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार
श्री कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार

विषयः नेपालको संशोधित निशान छाप प्रयोग सम्बन्धमा ।

नेपालको संविधानमा भएको दोस्रो संशोधनबाट संविधानको अनुसूची -३ मा रहेको नेपालको निशान छाप संशोधित भएको व्यहोरा अवगतै छ । सो संशोधन २०७७ असार ४ गतेको नेपाल राजपत्रमा प्रकाशित भइसकेको छ । नेपालको निशान छाप प्रयोग हुने सम्पूर्ण लिखित, पत्राचार, सूचना, वेबसाइट तथा कामकारबाहीमा सो बमोजिमको निशान छाप प्रयोग गर्नुहुन एवं तहाँ अन्तर्गतका निकायहरुमा समेत सो बमोजिम गर्ने गराउने व्यवस्था गराउनुहुन नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०७७/०३/०५ को निर्णयानुसार अनुरोध छ ।

विष्णु पौडेल
उप सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, असार ४ गते, २०७७ साल (अतिरिक्ताङ्क ११


## भाग १

### नेपाल सरकार
### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सङ्घीय संसदले जारी गरेको तल लेखिए बमोजिमको नेपालको संविधान (दोस्रो संशोधन), २०७७ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**नेपालको संविधानको दोस्रो संशोधन**

**प्रस्तावना** : नेपालको संविधानलाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो संशोधन जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस संशोधनको नाम "नेपालको संविधान (दोस्रो संशोधन), २०७७" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपालको संविधानको अनुसूची-३ मा संशोधन</u>** : नेपालको संविधानको धारा ९ को उपधारा (२) सँग सम्बन्धित अनुसूची-३ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-३ राखिएको छ ।





"अनुसूची-३

(धारा ९ को उपधारा (२) सँग सम्बन्धित)

<u>नेपालको निशान छाप</u>



<u>द्रष्टव्य</u> :यो निशान छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ । त्यसमा नेपाल सरकारबाट निर्धारित रंगको प्रयोग हुनेछ ।"

आज्ञाले,
**ऋषि राजभण्डारी**
**नेपाल सरकारको सचिव ।**

प्रमाणीकरण मितिः २०७७।३।४



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३